## पचरौता नगरपालिकाको १४ औ नगर सभामा प्रस्तुत

# आ.ब.२०८२/०८३ को बार्षिक नीति,कार्यक्रम तथा बजेट

श्रीमान सभाअध्यक्ष महोदय,
सदस्य सचिव एवम सम्पूर्ण नगरसभा सदस्यज्यूहरु,
सम्पुर्ण अतिथीगण,
सञ्चारकर्मी मित्रहरु,
सुरक्षाकर्मीहरु,
पचरौता नगरपालिकाका सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरु,
र उपस्थित महानुभावहरु।

नेपालको संबिधान २०७२ अनुसार तेस्रो तहको सरकार पचरौता नगरपालिकाको १४ औ नगर सभामा उपस्थित हुनु भएका नगरसभाका सम्पुर्ण सदस्यज्युहरुलाईहार्दिक बधाइ शुभकामना व्यक्त गर्न चाहन्छु।
नेपालको इतिहासका विभिन्न कालखण्डमा मुखरित भएका जनताका आवाज वा चाहना अनुरुप संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थायुक्त वर्तमान नेपालको स्थानीय सरकारको रुपमा रहेको यस पचरौता नगरपालिकाको गरिमामय १४ औ नगरसभामा नीति तथा कार्यक्रम र समग्र आय व्ययको विवरण (बजेट) प्रस्तुत गर्ने सुअवसर पाएकोमा व्यक्तिगत रुपमा समेत गौरवान्वित महसुस गरेको छु ।साथै वर्तमान संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य नेपाल निर्माणमा आफ्नो प्राण उत्सर्ग गर्नुभएका समस्त ज्ञात अज्ञात सहिदहरुप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु।

स्थानिय तह लागु भई दोस्रो कार्यकालको लागि निर्वाचित जन प्रतिनिधीहरुको जनता प्रतिको सेवाभाव प्रस्तुत गरी जनताको विकासको चाहनाको सारथीको रुपमा भूमिका निर्वाह गर्नु भएका सम्पूर्ण जन प्रतिनिधी र राष्ट्रसेवक कर्मचारीहरु नीतितथा कार्यक्रम तथा बजेट कार्यक्रम बनाउने काममा सहयोग गर्न अहोरात्र खटिनुभएका कर्मचारीहरु प्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

महोदय,

बारा जिल्लाको दक्षिण भुभागमा अवस्थित ४४०१० चौवालिस हजार दश वर्ग किलोमिटर क्षेत्रफल भएको पचरौता नगरपालिकाको भाग्य र भविष्यको फैसला गर्ने चरणका साक्षी हामी जनप्रतिनिधि सामु थुप्रै अवसर र साथ साथै चुनौतिहरु पनि विद्यमान छन् । स्थानीय सरकारको रुपमा रहेको स्थानीय तहको पुर्ण कार्यान्वयनका लागि सारा राज्य लागिरहेको वर्तमान अवस्थामा यो एक नितान्त नयाँ प्रणाली र प्रकृया भएकाले केही अन्यौलता र द्विविधाका बाबजुद्ध नेपालको संविधान, ऐन कानून,कार्यविधि र मन्त्रालय तथा प्रदेस सरकार बाट प्राप्त दिग्दर्शन आदिका आधारमा विभिन्न विषयगत सिलिङको आधारमा सहभागितामूलक तवरले आयोजना र कार्यक्रममा शिक्षा,स्वास्थ्य,सडक,खानेपानी,सिचाइ र मावन सूचांकलाइ प्राथमिकता दिई छनौट गरी नीति कार्यक्रम र बजेट तर्जुमा गरेका छौं।हामी विच रहेका सिमित साधन श्रोतको न्यायोचित प्रयोग गर्दै कर्मचारी प्रशासन र सम्पूर्ण नगरवासीहरुको साथ र सहयोगमा सम्पूर्ण विकास साझेदरहरुको सहकार्यको साथ हामीहरुमा प्राप्त यो एतिहासिक जिम्मेवारीलाई पुरा गर्न प्रतिब्धता व्यक्त गर्दै हाम्रो कार्यकाल भित्रै बिकसित नगरपालिकाको रुपमा स्थापित गराउन पचरौता नगरपालिकाको विकासको गतिलाई अघि बढाउने प्रण गर्दछौ।

**आदरणीय महानुभावहरु,**

अव, म आ.व.२०८२/०८३ का लागि योजना तर्जुमा गर्दा लिईएका मुख्य आधारहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु।आ.व.२०८२/०८३ को नगरपालिकाको योजना निर्माण गर्दा नेपालको संविधानले लक्षित गरेका मार्गदर्शन र नीति तथा सिद्धान्तहरू, पन्ध्रौ आवधिक योजनाका नीति, रणनीति र प्राथमिकताहरु, स्थानीय सरकार संचालन ऐन २०७४, तथा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, अर्थ मन्त्रालय लगायत विभिन्न मन्त्रालयवाट प्राप्त मार्गदर्शन तथा यस पचरौता नगरपालिकाको बस्तुगत आवश्यकतालाई मुख्य आधार बनाइएको छ ।

**<u>पचरौता नगरपालिकाले आ.व. २०८२/०८३ को बजेट तर्जुमा गर्दा लिइएका मुख्य मुख्य आधारहरुः-</u>**

- नेपालको संविधानको अनुसूचि ८ र ९ मा उल्लेखित स्थानीय तहको एकल तथा साझा अधिकारको सुचि

- नेपालको संविधानमा उल्लिखित मौलिक हकहरु
- नेपालको संविधानको भाग ४ अन्तर्गतका राज्यका आर्थिक, सामाजिक विकास, प्राकृतिक स्रोतको उपयोग, वातावरण संरक्षण सम्बन्धी नीतिहरु,धारा ५९ को आर्थिक अधिकार,भाग १९ को आर्थिक कार्यप्रणाली
- नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र स्थानीय तहको कार्य विस्तृतीकरणको प्रतिवेदन
- संघीय सरकारले अंगिकार गरेको आवधिक योजनाले लिएका नीति तथा प्राथमिकताहरु
- संघीय सरकारले अबलम्बन गरेका आर्थिक तथा वित्तीय नीतिहरु
- नेपालले अन्तराष्ट्रिय जगतमा गरेका प्रतिवद्धताहरु ।
- स्थानीय सरकार संचालन ऐनका प्रावधानहरु ।
- विकासका समयामयिक मुद्दाहरु जस्तै सामाजिक संरक्षण, दिगो विकास, जलवायु परिवर्तन र विपद व्यवस्थापन, खाद्य तथा पोषण सुरक्षा, लैङ्गिक सशक्तीकरण तथा समावेशी विकास वालमैत्री स्थानीय शासन, वातावरण मैत्री स्थानीय शासन, खुला दिशामुक्त तथा पुर्ण सरसफाइ, शिक्षा,स्वास्थ्य,कृषि,बेरोजगारीलगायतका अन्तरसम्बन्धितविषयहरु ।
- पचरौता नगरपालिकामा आवश्यक देखिएका अन्य विषयहरु ।

**<u>योजनार आयोजना छनौट गर्दा प्राथमिकताका आधारहरु</u>**

- यस नगरपालिकाको सहज जनजीविका र विकासका लागि अत्यावश्यक रहेका भौतिक पुर्वाधारहरु ।
- उत्पादनमूलक र शिघ्र प्रतिफल दिने ।
- आर्थिक विकास र गरिबी न्युनिकरणमा योगदान पुर्‍याउने ।
- छिटो छरितो र प्रभावकारी रुपमा सेवा प्रवाह हुने ।
- पारदर्शिता र सुशासन अभिवृद्धि हुने ।
- स्थानीय स्रोत(साधनलाई प्राथमिकता दिने र जनसहभागिता अभिवृद्धि हुने।
- प्राकृतिक प्रकोप एवम् विपद् व्यवस्थापनमा सहयोग पुग्ने ।
- परम्परागत धर्म,संस्कृति, चाडपर्व, मेला आदिको माध्यमबाट पर्यटन प्रवर्धन हुने।

- वातावरण संरक्षण र दिगो विकासमा टेवा पुऱ्याउने
- नगरपालिकाको राजस्व संकलनमा अभिवृद्धि पुग्ने ।
- लैङ्गिक समानता र सामाजिक समावेशीकरणको अभिवृद्धि हुने ।
- शिक्षालाई शैक्षिक हबको रुपमा बिकाश गर्न र स्वास्थ्य क्षेत्रलाई थप सुबिधा सम्पन्न बनाइनेछ |

**श्रीमान् सभाध्यक्ष महोदय,**

हामीले यस आ.व.२०८२/०८३ को बजेट तर्जुमा गर्दा आधार लिइएका र आगामी दिनमा पुरा गर्नेगरी लिइएका नीतिहरु निम्नानुसार रहेका छन् ।

**पचरौता नगरपालिकका समस्टीगत नीतिहरुः**

- हाम्रो विकासको चाहना र जनभावना अनुरुप पचरौता बासीको आर्थिक समृद्धिका लागि हामीहरुले तय गर्ने योजना, आयोजनाहरुको यो चौथो बजेटको रुपमा यो बजेट कार्यक्रम प्रस्तुत गरिएको छ ।
- नगरपालिका भित्र संचालन हुने विभिन्न योजना तथा कार्यक्रमलाई गुणस्तरिय तथा पारदर्शी बनाउन रु ३,००,०००।— भन्दा बढि लागतको योजना तथा कार्यक्रमको योजना स्थलमै सुचना वोर्ड राख्ने तथा सबै योजना तथा कार्यक्रमहरुको कार्य सम्पन्न पश्चात सबै उपभात्ताहरुको उपस्थितिमा सार्वजनिक परिक्षण गर्ने व्यवस्था गरिनेछ।प्रत्येक योजना तथा कार्यक्रमको प्रत्येक वडामा वडास्तरिय अनुगमन समिति र नगरपालिकाको नगरपालिका स्तरिय अनुगमन गरि दुइ तहको अनुगमन संयन्त्रबाट सबै योजना तथा कार्यक्रमहरुको अनुगमनको व्यवस्था मिलाइने छ।
- नगरपालिकाको समग्र विकासका लागि सहकारी संस्था र सामाजिक संघ संस्थाहरु सँगको सहकार्यलाई जोड दिइनेछ। नगरपालिकामा कार्यक्रम स्वीकृत गराएमा संघ संस्थाहरु सँग आवश्यक सहकार्य र साझेदारीमा कार्यक्रम संचालन गरिनेछ भने,नगरपालिकामा समन्वय नगरी यस क्षेत्रमा कार्यक्रम संचालनको लागि रोक लगाइने छ।

- स्वस्थ,अनुशासन र राष्ट्रिय गरिमाका लागि खेलकुद र खेलाडीको प्रबर्धन गरिनेछ।नगर तथा वडा तहमा विविध विधाका खेलकुद कार्यक्रम संचालन गरि खेलाडीहरुको पहिचान र क्षमता विकासको अवसर प्रदान गरिनेछ।
- नगरको आन्तरिक आय अभिवृद्धि गर्न करको दायरालाई फराकिलो पार्दै सहभागितामुलक कर नीति अवलम्बन गरिनेछ। स्थानीय सरकार संचालनको मुल आधार स्थानीय आय भएकाले नगरवासी उधोग वाणिजय संघ संस्था र स्थानीय विधालयहरु सँग सहकार्य गरि कर सचेतना तथा अभिवृद्धि कार्यक्रम मार्फत कर अभियानलाई अघि बढाइने छ।
- नगरस्तरिय विपत्त व्यवस्थापनका लागि स्थापना गरिएको विपत्त व्यवस्थापन कोषलाइ अझ मजबुत गरिनेछ।कोषको रकम वृद्धि गरि प्रभावकारी काम गर्न विपत्त क्षेत्रमा काम गर्ने गैर सरकारी संघ संस्थाहरुसंग सहकार्य गरिने छ।
- अन्तराष्ट्रिय गैरसरकारी संस्था नियोग तथा स्वदेशी लगानी कर्ताले नगर क्षेत्रमा विशेष लगानी तथा विकास आयोजना संचालन गर्न चाहेमा त्यस्ता संस्थालाई स्वागत गर्दै लगानी मैत्री वातावरण सृजना गरिने छ।
- आवधिक योजनाहरु विकासका लागि नगर स्तरीय आवधिक योनजना तर्जुमा गर्न आवश्यक पहल गर्नेनीति लिइने छ।
- पुर्वाधार विकास र सामाजिक विकासलाई संगसगै लगिनुका साथै सामाजिक विकासको नाममा अनुत्पादक खर्चलाई निषेध गिरने नीति लिइने छ।
- बाह्रै महिना योजना तथा विविध गतिविधिहरु संचालनलाइ निरन्तरता दिइनेछ।
- सार्वजनिक सुनुवाइ कार्यक्रमलाई निरन्तरता दिइने छ।
- सार्वजनिक परिक्षण गर्ने कार्यलाई निरन्तरता दिइने छ।
- निर्माण कार्यको भौतिक परिक्षण गराइने तर्फ ध्यान दिइने छ।
- योजना कार्यान्वयनमा उपभोक्ताको अनिवार्य संलग्नता गराइने छ।

- परनिर्भरताको बजार हाम्रो नगरपालिकाको चुनौति हो । यसलाई मध्यनजर गर्दै एकिकृत बस्ती निर्माण कार्यक्रम तथा एक गाउँ एक उत्पादन कार्यक्रम मार्फत ठूला कृषि र पशु परियोजनाहरुको सञ्चालनको लागि यसै आ.ब.मा निर्माण कार्य सुचारु गरिनेछ।
- वडास्तरीय भेलावाट प्राप्त आयोजनाहरु, क्रमागत तथा अधुरा योजनाहरु र दुई वा दुईभन्दा वढी वडाहरुलाई प्रत्यक्ष फाईदा पुग्ने योजना तथा कार्यक्रमहरुलाई प्राथमिकता दिई छनौट गरिएको छ ।

## आर्थिक विकास सम्बन्धी नीतिहरु

- पशुपालन र कृषिको लागि ठूला कृषि केन्द्रको स्थापनाको लागि सम्भाव्यता अध्ययन गरिनेछ ।
- किशानहरुको आलु लागयत अन्य साग सब्जीहरुलाई भण्डारण गर्नका लागि कोल्डस्टोर निर्मणको लागि आवश्यक समन्वय गरिनेछ |
- मत्स्य प्रयोगशाला संचालनबाट मछ्य व्यवसायीहरुलाइ समयमै सुविधा उपलव्ध गराइनेछ |
- रोजगारीको लागि उत्पादन कार्यक्रम मार्फत प्रत्येक वर्ष रोजगारी वृद्धि गर्ने कार्यक्रम तय गरिनेछ ।
- कृषि क्षेत्रलाई स्थानीय उत्पादनको प्रमुख क्षेत्रको रुपमा विकास गरिनेछ । प्रमुख वालीहरुको उत्पादनमा आत्मनिर्भर हुने नीति लिइनेछ । सामुहिकसिँचाइ प्रणाली, मल खाद्य, विउ विजनको उपलब्धतामा जोड दिइनेछ । पशुजन्य उत्पादनका कार्यक्रमलाई प्रोत्साहन दिइन्छ ।नमुनाको रुपमा यस आ.ब.मा देखि दुध उत्पादनलाई प्रोत्साहित गर्न अनुदानमा गाइ बितरण गरिनेछ |
- रासायनिक मल विषाधिका कारण मानव स्वास्थ्यमा परेको प्रतिकुल असरलाई न्यूनिकरण गर्न अर्गानिक तरकारी खेतिको प्रवर्धन र विकासमा टेवा पुग्ने गरि "**किसानको गोठमा अनुदान किसानको ओठमा मुस्कान**" अभियानलाइ निरन्तरता दिइने छ। यसका लागि यसै वर्ष अर्गानिक तरकारी सहकारी स्थापनाका लागि विशेषा पहल गरिनेछ।
- तरकारी संकलन केन्द्रहरु संचालनमा हुने छन साथै कृषि उत्पादन वृद्धिका लागि आधुनिक प्रविधि र तालिमको व्यवस्था गरिनेछ।

- उन्नत जातका गाई, भैंसी,बाख्रा लगायतका पशुपंक्षीहरुको उत्पादन तथा वितरण प्रवर्द्धन गर्न ५० प्रतिशत अनुदानमा कार्यक्रम संचालन गरिनेछ।कृषि तथा पशुपंक्षी बिमा सेवा कार्यक्रमलाई प्रोत्साहन गरिनेछ।
- उत्पादनमुलक रोजगारीको अवसर सिर्जना हुने कार्यक्रम र आयोजनालाई विशेष प्राथमिकता दिइनेछ ।
- पचरौता नगरपालिकाको बेनौली स्थित पोखरीलाई सम्भाब्य पर्यटकिय एबं धार्मिक स्थलको रुपमा बिकास गरी आन्तरिक पर्यटन प्रवर्धन कार्यक्रम सञ्चालन गरिनेछ ।
- लंगडा चौक बजारलाइ निर्माण गरी व्यवस्थापन गरिनेछ ।

**भौतिक पुर्वाधार सम्बन्धी नीतिहरु**

- यस पचरौता नगरपालिकाका प्राय सबै वडाहरु र बस्तीहरुमा सडक यातायातको असुविधाहरु लाई मध्यनजर गर्दै सडक यातायात र नाला निर्माणलाई मुख्य प्राथमिकता राखी निकट भविष्यमा सबै नागरिकलाई सुलभ सडक यातायातको पहुचमा पुर्याउने नीति लिइने छ ।
- बोर्डर संग जोडिने सडकहरुलाई आर्थिक मार्गको रुपमा विकास नीति लिइने छ ।
- नगरपालिका स्तरका मुल सडक वर्षभरी संचालनका लागि पालिका स्तरको मर्मत सम्मभार कोषको व्यवस्था गरिनेछ।
- भवन निर्माण आचार संहिता २०७२ कार्यन्वयनमा ल्याइने छ। भुकम्प प्रतिरोधात्मक संरचना निर्माणलाई अनिवार्य गरिने नीति अवलम्बन गरिने छ।
- भिन्न क्षमता मैत्री, विधालय तथा सरकारी एवं सामुदायिक भवन निर्माण गर्दा बालबालिका एवं भिन्न क्षमता मैत्री निर्माण गरिने छ ।
- सौर्य विद्युतीकरणका लागि नगरपालिकाका सबै वडाहरुमा यसै बर्ष देखि सोलार जडानको कार्य अगाडी बढाइनेछ | ।
- नगर स्तरिय स्टेडियमको निर्माणको लागि संघ र प्रदेश सरकार संग आवश्यक समन्वय गरिनेछ |

- खेलाडीहरुलाई खेलकुद सामग्री तथा समय समयमा देश विदेशमा प्रशिक्षणको साथै आर्थिक सहयोगलाई निरन्तरता दिइनेछ ।साथै क्रिकेट खेलको लागि क्रिकेट एकेडेमिको व्यवस्थापन/निर्माण गरिनेछ ।
- पिकनिक स्थल, जिमखाना, ध्यान केन्द्रर चिल्ड्रेन पार्क बनाउनुको साथै पोखरीहरुलाई पर्यावरण र सौन्दर्यकरणको लागि संघ र प्रदेश सरकार संग आवशयक समन्वय गरिनेछ ।
- नगर भरि आवश्यकता अनुसार नयाँ सडक निर्माण गरिनेछ |
- गर्मि महिनामा खानेपानीको समस्यालाई समाधान गर्न नेपाल खाने पानि संस्थानको ट्यांकीलाई संचालन तथा ठाउ ठाउमा डिप बोरिंग जडान कार्यलाइ निरन्तरता दिनेछ |साथै जल नल योजना अन्तर्गत प्रत्येक नागरिकको घर घरमा खानेपानीको लागि धारा जडान गरिनेछ ।
- आगलगिबाट पचरौता बासीलाई जोगाउन बरुण यन्त्रको व्यवस्थापन गरिनेछ |
- सभा गृह/बिबाह/मण्डप/ध्यानकेन्द्र को स्थापना गरिनेछ |

<u>**सामाजिक विकास सम्बन्धी नीतिहरु**</u>

- नगरपालिका भित्रका विद्यालयहरुलाई आवश्यकताको आधारमा शैक्षिक सामाग्री, कम्प्युटर तथा फर्निचर उपलव्ध गराई गुणस्तरीय शिक्षाको जग वसाईनेछ ।
- नगरपालिका भित्रको सबै विधालयहरुको स्तरोउन्नति गर्दै लैजाने छु आवश्यक्ता अनुरुप+२ कक्षा सचालन गरिनेछ।
- पालिकाको केन्द्रमा रहेको श्री ने.रा.मा.वि.बेनौलीलाइ नमुना विधालयको रुपमा अगाडी बढाउने कार्यलाइ निरन्तरता दिइनेछ।
- श्री ने.रा.मा.वि.पिपरपातीमा थप अपुग भवन र खेलकुद मैदानको निर्माण र व्यवस्था गरिनेछ ।
- श्री ने.रा.मा.वि.बेल्दारीमा थप अपुग भवन निर्माण,पर्खाल तथा गेट निर्माण लगायत अन्य व्यवस्थापन गरिनेछ ।
- शिक्षकहरु/कर्मचारीको मासिक तलब भत्तालाई निरन्तरता दिइनेछ|

- यसै बर्ष थप विधालयमा अंग्रेजी माध्यममा अध्यापनको लागि व्यवस्था मिलाईनेछ |
- प्र.अ.हरुको प्र.अ.भत्तामा भएको वृद्धिलाई निरन्तरता दिइ समयानुकुल बनाइनेछ ।
- उत्कृष्टप्र.अ.शिक्षक/कर्मचारीलाई सम्मान सहित पुरस्कारको व्यवस्था लाइ निरन्तरता दिइनेछ|
- सबै शिक्षकहरुलाइ ब्याग तथा दैनिक पाठ योजनाको डायरी उपलब्ध गराइनेछ ।
- यस बर्ष देखि ४ वटा विधालयलाई सुबिधा सम्पन्न मन्टेश्वरी रुपमा व्यवस्था गरिनेछ |
- पालिका स्तरीय विधालय परीक्षा केन्द्र कायम गरी परीक्षा संचालन गर्ने कार्यलाइ निरन्तरता दिइनेछ|
- सबै बालबालिकाहरुलाइ बिधालयमा पहुच पुगाउन खाजा कार्यक्रमलाइ थप ब्यवस्थित गरिनेछ।
- साक्षर नगरपालिका घोषणा गराउन बिशेष पहल गरिनेछ।
- बिधार्थी शिक्षक अनुपात नमिलेको बिधालयमा बिधार्थीको भबिष्यलाइ ध्यानमा राख्दै नगर शिक्षक भर्नालाई निरन्तरता दिइनेछ।
- एस.इ.इ पास गरेका विधार्थहरुलाइ कक्षा ११/१२ अध्ययन गर्नका लागि फुल स्कलरशिपको छात्रवृतिलाई निरन्तरता दिइनेछ।
- :एम.बि.बि.एस.सहितको अन्य छात्रबृतिलाइ निरन्तरता दिइनेछ ।
- सम्पूर्ण निर्वाचित जनप्रतिनिधि,सामुदायिक विधालयमा अध्ययनरत सम्पूर्ण विधार्थी,शिक्षक/कर्मचारी,तथा कर्मचारीहरुको लागि दुर्घटना विमा गरिनेछ ।
- स्वास्थ्य क्षेत्रमा महिला स्वास्थ्य स्वयम्सेविकाहरुले पुर्याएको योगदानको कदर गर्दै निजहरुलाई प्रोत्साहित गरिने नीतिलाई निरन्तरता दिइनेछ ।
- नगरपालिका भित्रको सबै स्वास्थ्य चौकीहरुको स्तोरोउन्नती गर्दै लैजाने र बर्थिनसेन्टरमा गुणस्तरीय सेवाका लागि आधुनिक बर्थिंगसेन्टर यसै बर्ष देखि संचालनमा ल्याईनेछ |
- स्वास्थ्य सेवालाई थपप्रभावकारी र नगर बासीलाई नगर भित्र नै शहर बजार जस्तो स्वास्थ्य सेवा उपलब्ध गराउनपेडीयट्रीक,गाइनी,,डेन्तिष्टर फिजियोथेरेपीको चुस्त दुरुस्त बनाइनेछ |

- नगर प्रमुख बृद्धा बचाउ अभियान अन्तर्गत सबैआखा नदेखिने बृद्ध बृद्धा हरुलाई निशुल्क मोतियाबिन्दको शल्यक्रिया कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- निशुल्क रक्तदान कार्यक्रम तथा पचरौता बासिकालाई रगत फ्री लाई निरन्तरता दिइनेछ।
- नगरबासीको स्वास्थ्यलाइ ख्याल गर्दै १५ शैयाको नगर अस्पताललाई अगामी बर्ष देखि संचालनमा ल्याइ सेवा विस्तार गरिनेछ।
- निशुल्क एमबुलेन्स सेवालाइ निरन्तरता दिइनेछ ।
- शैक्षिक छात्रवृति (एम.बि.बि.एस./पी.एच.डी./इन्जिनियरिंग/बि.ए.सि.अनिमल साइन्स) जस्ता छात्रवृत्तिलाई निरन्तरता दिइनेछ |
- लक्षित समुदायलाई योजना प्रक्रियामा अर्थपूर्ण सहभागी गराई उनीहरुको क्षमता तथा आर्थिक विकासका लागि जीविकोपार्जन सुधार, पहुँच अभिबृद्धि एवं शसक्तीकरण कार्यक्रमलाई वढावा दिईनेछ ।
- नगरको बीचमा ९९ बेडको सुबिधा सम्पन्न आइसीयु सहितको अस्पताल निर्माणको लागि संघ सरकार संग आवश्यक बजेटको लागि समन्वय गरिनेछ|
- प्रत्येक घरधुरीलाई स्वस्थ र स्वच्छ खानेपानी पुर्याउने लक्ष्य लिइएको छ ।
- नगर केन्द्रमा रहेको बेनौली बजारमा सुबिधा सम्पन्न भवन सहितको बजार व्यवस्थापन गरिनेछ |
- कृषि बिधुतिकरणलाई विस्तार गर्नका लागि आवश्यक पोल तार र ट्रान्सफरमरको व्यवस्थापन लाइ निरन्तरता दिइनेछ |
- निशुल्क कृषि मिटर महशुललाइ निरन्तरता दिइनेछ ।
- सम्पुर्ण पचरौता वासिको स्वास्थय विमा वापतको ५० प्रतिशत रकम नगरपालिकाबाट व्यहोर्ने निति लिइनेछ ।

**<u>वातावरण तथा विपद व्यवस्थापन सम्बन्धी नीति</u>**

- प्राकृतिक एवम् मानवीय संकट र प्रकोपबाट पुर्वसुरक्षा, व्यवस्थापन र क्षतिपुर्तिलाई वैज्ञानिक रुपमा संचालन गरिनेछ ।

- घर नक्सा पास गर्दा घरमा अनिवार्य ५ वटा विरुवा लगाउने नीति अवलम्वन गरिनेछ ।
- पचरौता न.पा लाइ हराभरा बनाउन बृक्षारोपन तथा बिरुवा बितरण कार्यक्रमलाइ निरन्तरता दिइनेछ।
- वातावरण तथा जलवायुमैत्री पुर्वाधारको विकासमा जोड दिइनेछ ।
- कृषि वन तथा फलफुल नर्सरी निर्माणलाइ थप व्यवस्थित गरि नगर बासीहरुलाई सुपथ मुल्यमा बिरुवा तथा फलफूलको बोट उपलब्ध गराईनेछ ।

**<u>संस्थागत विकास,वित्तीय व्यवस्था र सुशासन सम्बन्धी नीति</u>**

- सेवा प्रवाहलाई सबै वडामा सुचना तथा प्रविधिमा आवद्ध गरी छिटो छरितो र प्रभावकारी रुपमा सेवा प्रवाहलाइ निरन्तरता दिइनेछ ।
- सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तिहरुको फोटो सहितको विवरण सफ्टवेयर वनाई अझ ब्यवस्थित गरिनेछ ।
- पञ्जिकरणलाई व्यवस्थित गर्न अनलाईनमा आधारित घटना दर्ता प्रणालीमा आवद्ध गरी नगरपालिकाबाट दिदै आइरहको सेवा वडाबाट समेतदिइने व्यवस्थालाइ निरन्तरता दिइनेछ ।
- सेवा प्रवाहमा सहजता ल्याउन नगर कार्यपालिकाको कार्यालय तथा वडा कार्यालयहरुलाई फर्निचर, कम्प्युटर तथा मेसिन औजारले सुसज्जित जस्तो सुकै अवस्थामा पनि सेवा प्रवाह गर्न सकिने अवस्था कायम गरिनेछ ।
- सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पेशागत अनुशासनप्रति प्रतिवद्ध, पारदर्शी, भष्ट्राचारमुक्त र जनउत्तरदायी बनाइनेछ । र भष्ट्राचारप्रति शुन्य सहनशीलताको नीति अबलम्बन गरिनेछ ।
- दीगो र भरपर्दो आयका स्रोतहरु मार्फत राजश्व संकलन र त्यसको समुचित परिचालन विना स्थानीय स्वायत्तताको प्रवर्धन सम्भव छैन । नगरपालिका घोषणासगै राजस्वका क्षेत्र पहिचान गरि दायरा विस्तार गर्ने प्रयास गरिएको छ । साथै साविकका स्थानीय निकायले लगाउदै आएका सेवा शुल्क र दस्तुरको दरमा सामान्य परिमार्जन गरिएको छ ।

- आत्म निर्भर नगरपालिकाको सोच अनुरुप वढी भन्दा वढी आन्तरिक राजस्व परिचालन गर्न स्वघोषणामा आधारित कर निर्धारण पद्धति अवलम्वन गरिनेछ । नागरिक स्वयंलाई कर दायित्वको जिम्मेवारी वोध गराउन जोड दिईनेछ।